छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड: ७ | संख्याः ३ | २०८० कार्तिक २२ गते

भाग-२

छायाँनाथ रारा नगरपालिका, मुगुको

सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत २०८० सालको मापदण्ड नं. २**

**छायाँनाथ रारा नगरपालिका मर्मत संभार तथा पुर्ननिर्माण कार्यक्रम र राहत तथा आर्थिक सहयोग कार्यक्रमबाट कार्यक्रम सञ्चालन तथा सहायता वितरण (पहिलो संशोधन) मापदण्ड, २०८०**

**प्रस्तावना:** छायाँनाथ रारा नगरपालिका मर्मत संभार तथा पुर्ननिर्माण कार्यक्रम र राहत तथा आर्थिक सहयोग कार्यक्रमबाट कार्यक्रम सञ्चालन तथा सहायता वितरण मापदण्ड, २०७४ संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिकाले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "छायाँनाथ रारा नगरपालिका मर्मत संभार तथा पुर्ननिर्माण कार्यक्रम र राहत तथा आर्थिक सहयोग कार्यक्रमबाट कार्यक्रम सञ्चालन तथा सहायता वितरण (पहिलो संशोधन) मापदण्ड, २०८० रहेको छ।

(२) यो मापदण्ड स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **छायाँनाथ रारा नगरपालिका मर्मत संभार तथा पुर्ननिर्माण कार्यक्रम र राहत तथा आर्थिक सहयोग कार्यक्रमबाट कार्यक्रम सञ्चालन तथा सहायता वितरण मापदण्ड, २०७९ को दफा २ मा संशोधनः** छायाँनाथ रारा नगरपालिका मर्मत संभार तथा पुर्ननिर्माण कार्यक्रम र राहत तथा आर्थिक सहयोग कार्यक्रमबाट कार्यक्रम सञ्चालन तथा सहायता वितरण मापदण्ड, २०७४ को दफा २ मा,–

(१) दफा २ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) अति विपन्न तथा गरिब घर परिवारका लागि औषधी उपचार गर्नका लागी अवस्था हेरी एक हजार रुपैंया देखि पचास हजार रुपैंया सम्म आर्थिक सहायता उपलब्ध गराउने"

निर्णय भएको मितिः २०८०/०७/२२

आज्ञाले,
पशुपती शाही
नि.प्रमुख प्रशासकीय अधिकृत